# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np


मिति : २०८०।०८।१५

## घोराही उपमहानगरपालिकाको बजार व्यवस्थापन सम्वन्धी अत्यन्त जरूरी सूचना

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय वस्तु तथा सेवा बजारको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रुपमा व्यवस्था गरिएकाले स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ वजारको माध्ययमवाट उपभोक्ताहरुको मौलिक हकलाई संरक्षण तथा संवर्द्धन गर्नु यस उपमहानगरपालिकाको दायित्व हो । बढ्दो शहरीकरण, स्थानीय बजारीकरण र बजार क्षेत्रको यातायातका साधन तथा जनताहरुको चापलाई मध्यनजर गर्दै यस उपमहानगरपालिकाको बजार व्यवस्थापन समितिको मिति २०८० मंसीर १२ गतेको वैठकले तपसिल बमोजिमका निर्णयहरु गरेकाले सोही अनुसार हुने गरी आफ्ना पेशा व्यवसाय लगायत अन्य गतिविधिहरु सञ्चालन गर्नुहुन सम्पूर्ण नगरवासीहरुमा यो सूचना जारी गरिएको छ, साथै, तोकिएको समयभित्र तपसिलमा उल्लेखित निर्णयहरु नमानी अटेरी गरेमा कानून बमोजिम हुने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ :

तपसिल :

१. तोकेका क्षेत्रहरू बाहेक अव्यवस्थित रुपमा रहेका ठेला व्यवसायहरुलाई वन्द गर्ने ।

२. सडक फुटपाथमा हुने आवागमनलाई अवरोध नहुने गरी वास्तविक किसानका लागि मात्र विहान ९ वजेसम्मका लागि कृषि उत्पादित सामानहरु विक्रीवितरण गर्न दिइने तथा यस अघि वेलुकाको समयमा खुल्ला गरिएको फुटपाथ व्यापारलाई मंसीर १८ पछि पूर्ण रुपमा बन्द गर्ने ।

३. सडकको सार्वजनिक आवागमनलाई प्रभाव पर्ने गरी अव्यवस्थित रुपमा राखिएका निर्माण सामाग्रीहरु, पसल व्यवसायका डस्टविन र बोर्डहरू अगामी मंसीर १८ गते भित्र हटाइसक्नुपर्ने र अव उपरान्त सडक छेउमा निर्माण सामाग्रीहरु राख्नैपर्ने भएमा नगरपालिकासंग अनिवार्य रुपमा औचित्य पुष्टि गराइ अनुमती लिनुपर्ने ।

४. पसल व्यवसायहरुबाट विक्री हुने हरेक सामानहरुको लेबल अनिवार्य रुपमा भएको हुनुपर्ने, व्यवसायी आफैले सामानहरुको रिलेबल र रिप्याकीङ गर्न नपाइने, अनुगमनका क्रममा यदि त्यसो गरेको पाइएमा सम्वन्धित व्यवसायीहरुलाई नियमानुसार कारवाही गरिने ।

५. तीन पाङ्ग्रे सवारी साधन अटोहरूले नगरपलिकाद्धारा निर्धारण गरिएको भाडादर टाँस नगरेको, तोकेको भाडादर भन्दा आफ्नै मनोमानी हिसाबले भाडा अशुल गरेको तथा जथाभावी पार्किङ गरेको भन्ने जनगुनासो आएकाले तीन पाङ्ग्रे सवारी साधन अटोहरूलाई नगरपालिकाले तोकेको भाडादर टाँस गरी सोही अनुसार कार्वान्वयन गर्नुपर्ने, साथै, यस अघि तोकिएका क्षेत्रमा मात्र ट्राफिक नियमानुसार अटोको पार्किङ गर्नुपर्ने ।

६. हाल संचालनमा आएका अन्डर ग्राउन्ड पार्किङ भएका व्यवसायिक भवनहरुले मंसीर १८ गते भित्र अनिवार्य रुपमा अन्डर ग्राउन्ड पार्किङ सुचारु गरिसक्नुपर्ने ।

..................

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत